# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन

(नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२१)

**'घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं'** भन्ने नाराका साथ यो वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गरियो। सरकारी तथा गैरसरकारी क्षेत्रबाट हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म यो अभियान सञ्चालन गर्ने गरिन्छ। नेपालको संविधान (२०७२)[1] को धारा ३८ को उपधारा ३ ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरेको छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६[2] जारी भई लागु भएको छ। लिङ्गका आधारमा महिला तथा बालिकामाथि हुने हिंसा र हत्याका घटनामा बृद्धि हुँदै आएको विभिन्न तथ्याङ्कले देखाएका छन् ।

***सन् १९६० मा डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन जना दिदीबहिनीलाई तत्कालीन त्रुजिलो तानाशाही सरकारले निर्मम हत्या गरेको थियो। उक्त हत्यालाई लिङ्गका आधारमा हुने राजनीतिक हिंसाको रूपमा लिने गरिन्छ। एकै परिवारका तीन जना दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको हत्यालाई महिलाविरुद्धको हिंसाको रूपमा लिएर उनीहरूको सम्मान र सम्झनाका लागि १६ दिने अभियान मनाउन थालिएको हो। यो अवधिमा, व्यक्तिहरू, नागरिक सङ्गठन, संयुक्त राष्ट्रसङ्घका निकायहरू महिला र बालिकाहरूको संरक्षणको लागि जवाफदेहिताको माग गर्न एकसाथ सामेल हुन्छन् ।***

| १६ दिनमा सङ्कलित हिंसाका घटना | |
|---|---|
| **घटनाको प्रकार र उपप्रकार** | **पीडित सङ्ख्या** |
| **बाल अधिकार** | |
| बलात्कार | १४ |
| बालविवाह | १ |
| यौन दुर्व्यवहार | ३ |
| **जम्मा** | **१८** |
| **महिला अधिकार** | |
| बलात्कार | २ |
| बलात्कार प्रयास | ३ |
| यौन दुर्व्यवहार | २ |
| **जम्मा** | **७** |
| **हत्या** | |
| पत्नी हत्या | २ |
| परिवारजनबाट हत्या | १ |
| **जम्मा** | **३** |
| **कुल जम्मा** | **२८** |

नेपालमा महिलाहरूको अवस्था विगतका वर्षहरूमा भन्दा सकारात्मक हुँदै आएको भएपनि सन्तोषजनक मान्न सकिने अवस्थामा अझै पुगेको छैन। यौनिक अल्पसङ्ख्यकको त पहिचानकै समस्या ज्यूँका त्यूँ छ। महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा केही सुधार भएको छ। यति हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट महिला तथा तेस्रो लिङ्गी जसरी आक्रान्त हुँदै आएका छन् त्यो भने भयावह नै छ। मानव अधिकार अनुगमन र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २०२१ को नोभेम्बर २५ देखि डिसेम्र १० सम्म इन्सेक अनलाइनमा प्रकाशित महिला तथा बालिकाविरुद्ध भएका हिंसात्मक घटनाहरूका आधारमा यो प्रतिवेदन तयार पारेको हो।

| **प्रदेश** | **पीडित सङ्ख्या** |
|---|---|
| १ | ३ |
| २ | ५ |
| बागमती | ७ |
| गण्डकी | २ |
| लुम्बिनी | ५ |
| कर्णाली | ६ |
| **जम्मा** | **२८** |

१६ दिनको अवधिमा इन्सेक अनलाइनमा सुदूरपश्चिमबाहेकका ६ ओटा प्रदेशमा २८ जना महिला तथा बालिका पीडित भएका समाचार प्रकाशन भए। जसमा सबैभन्दा बढी बागमती प्रदेशमा सात जना पीडित भए। त्यसैगरी कर्णाली प्रदेशमा ६, लुम्बिनी र प्रदेश २ मा पाँच/पाँच, प्रदेश १ मा तीन र गण्डकी प्रदेशमा दुई जना पीडित भए। यो अवधिमा पत्नी हत्याका दुई र आमाको हत्याको एउटा समाचार प्रकाशन गरियो। १६ दिनको अवधिमा १८ जना बालिका र १० जना महिला पीडित भए। *(हेर्नुहोस् टेबुल)*

[1] https://www.lawcommission.gov.np/np/wp-content/uploads/2021/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2%E0%A4%95%E0%A5%8B-%E0%A4%B8%E2%80%8C%E0%A4%82%E0%A4%B5%E0%A4%BF%E0%A4%A7%E0%A4%BE%E0%A4%A8.pdf

[2] https://www.lawcommission.gov.np/np/wp-content/uploads/2021/01/%E0%A4%98%E0%A4%B0%E0%A5%87%E0%A4%B2%E0%A5%81-%E0%A4%B9%E0%A4%BF%E0%A4%82%E0%A4%B8%E0%A4%BE-%E0%A4%95%E0%A4%B8%E0%A5%82%E0%A4%B0-%E0%A4%B0-%E0%A4%B8%E0%A4%9C%E0%A4%BE%E0%A4%AF-%E0%A4%90%E0%A4%A8-%E0%A5%A8%E0%A5%A6%E0%A5%AC%E0%A5%AC.pdf

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ। यद्यपि निरन्तर रूपमा सार्वजनिक भइरहेका महिला हिंसा र ज्यादतीका घटनालाई अध्ययन गर्ने हो भने कानुनी र संरचनागत सुधारको आवश्यकतालाई भने नकार्न सकिँदैन। सामाजिक संरचना र बनोटले महिलामा पारेको असरलाई भने कानुनी तवरबाट मात्रै समाधान गर्न सकिँदैन भन्ने विभिन्न घटना र तथ्य तथ्याङ्कले देखाएको छ। कानुनमा भएका सुधारसँगै कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीका व्यवहारमा समेत सुधारको खाँचो रहेको छ भन्न सकिन्छ।

### पत्नी हत्या घटनाका आरोपित गिरफ्तार

**झापा**को दमक नगरपालिका-१० की ४९ वर्षीया घनादेवी आचार्यको हत्या गरेको आरोपमा प्रहरीले ४५ वर्षीय पति रामकुमार लिम्बूलाई मङ्सिर १९ गते गिरफ्तार गरेको छ। घरायसी विवादका क्रममा पीडितलाई आरोपितले मङ्सिर १६ गते कुटपिट गरेका थिए। कुटपिटबाट घाइते भएकी घनाको उपचारका क्रममा विराटनगरस्थित नोवेल अस्पतालमा मङ्सिर १७ गते मृत्यु भएको थियो। घाइतको मृत्यु भएपछि पीडित पक्षले आरोपितविरूद्ध प्रहरीमा पत्नी हत्या गरेको आरोपमा निवेदन दिएपछि आरोपितलाई अनुसन्धानका लागि गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नवराज कार्कीले इन्सेक प्रतिनिधिसँगको फोन सम्पर्कमा बताउनु भयो। शवको पोष्टमार्टम मेची अस्पतालमा मङ्सिर १७ गते गरिएको छ। सोही दिन पीडित पक्षले शव बुझि दमक नगरपालिका–१० स्थित रतुवा खोलामा सद्गत गरेको प्रहरीले जनाएको छ। [3]

### लाठी प्रहार गरी आमाको हत्या, आरोपित गिरफ्तार

**पाल्पा**को रिब्दीकोट गाउँपालिका-८ पेलाचौरकी ६२ वर्षीया मेनु सारूको हत्या गरेको आरोपमा प्रहरीले ४३ वर्षीय छोरा कृष्णबहादुर सारूलाई मङ्सिर १० गते गिरफ्तार गरेको छ। मेनुलाई आरोपितले मङ्सिर ९ गते मादक पदार्थ सेवन गरी सालको लाठीले कुटपिट गर्दा मृत्यु भएको प्रहरीले जनाएको छ। घटना लगत्तै मङ्सिर ९ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको र उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रामेश्वर त्वातीले बताउनु भयो। शवको पोष्टमार्टम मङ्सिर १० गते पाल्पा अस्पतालमा गरिएको छ। [4]

## निष्कर्ष

लिङ्गका आधारमा महिला तथा यौनिक अल्पसङ्ख्यक विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमको अपराधमा कमी आउँदैन। सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयन गर्न सके महिलाविरुद्ध हुने यस किसिमका हिंसाका घटनालाई न्यूनीकरण गर्न सकिन्छ। गरिबी, अशिक्षा र आर्थिक परनिर्भरतालाई घटाउन सके पनि महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन। बलात्कार पीडित महिलालाई मनोसामाजिक परामर्शका साथै आवश्यकताअनुसार परिवार र समाजमा घुलमिल हुने वातावरण तयार गर्नुपर्ने अवस्था रहेको छ।

महिलाहरू घरेलु हिंसाबाट प्रताडित भए पनि मेलमिलापको प्रावधानले गम्भीर घटनामा पनि ध्यान दिइने गरिएको छैन। घरायसी काम गर्दागर्दै, जङ्गलमा घाँस दाउरा लिन गएको बेलामा र घरमा एक्लै भएको मौका छोपेर अधिकांश बलात्कारजन्य अपराधहरू हुने गरेका छन्। स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष प्रकारको तालिम प्रदान गरी बलात्कारका घटनाको परीक्षण वैज्ञानिक तरिकाले गर्न सक्षम बनाउनु अहिलेको टड्कारो आवश्इकता हो। महिलाको स्वास्थ्य र त्यसको संवेदनशीलताप्रति राज्यको पहुँच र विस्तार गर्नुपर्ने अर्को महत्वपूर्ण विषय हो। राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न कठिन छ। गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर सरोकारको विषय हो। हुन त यस बीचमा

[3] https://inseconline.org/np/news/%e0%a4%aa%e0%a4%a4%e0%a5%8d%e0%a4%a8%e0%a5%80-%e0%a4%b9%e0%a4%a4%e0%a5%8d%e0%a4%af%e0%a4%be-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be-%e0%a4%86%e0%a4%b0%e0%a5%8b%e0%a4%aa%e0%a4%bf-153/

[4] https://inseconline.org/np/news/%e0%a4%86%e0%a4%ae%e0%a4%be-%e0%a4%b9%e0%a4%a4%e0%a5%8d%e0%a4%af%e0%a4%be-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be-%e0%a4%86%e0%a4%b0%e0%a5%8b%e0%a4%aa%e0%a4%bf%e0%a4%a4-%e0%a4%97/

अपराधविरूद्ध उजुरी गर्ने चेतनामा पनि वृद्धि भएको छ । तर पनि स्थानीय प्रहरीमा पीडितलाई मेलमिलाप गर्न दबाब दिने र समाजमा पनि उल्टै पीडितलाई घटना ढाकछोप गर्न लगाउने प्रवृत्ति कायम रहेको हाम्रो अनुगमनमा पाइएको छ । यस्ता घटनालाई निरूत्साहन गर्नु अर्को प्रमुख विषय बनेको छ ।

## सुझावहरू

- कानुन कार्यान्वयनका सवालमा पीडितकेन्द्रीत र महिलामैत्री वातावरणको निर्माण गर्नुपर्ने ।
- भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु पर्ने ।
- छिटो न्यायका लागि अदालती कारवाही द्रुत गतिमा हुने व्यवस्था मिलाउनुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहारका घटनाका उजुरीको हदम्याद बढाउनुपर्ने । यस्ता अपराधलाई गाउँस्तरमा मिलाउने सरकारका राष्ट्रसेवकलगायत अन्यलाई कानुनी कारबाहीको प्रावधान राखी कानुन तर्जुमा गर्नु पर्ने ।
- कथित बोक्सीका आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जना हुन सक्दैन । पीडकबाट प्राप्त जरिबाना हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउनु पर्ने ।
- बहुविवाह पीडित महिलालाई सहज कानुनी सेवा र आर्थिक आत्मनिर्भरताका लागि सहयोग गर्नु पर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७७ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने ।
- हिंसापीडितलाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नु पर्ने । आर्थिक स्वतन्त्रता सुनिश्चित गर्नका लागि राज्यले महिलाहरूको क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोहीअनुरूपको परिमार्जन गर्नु पर्ने र कानुन कार्यान्वयनमा कडाइ गर्नुपर्ने ।
- महिला तथा तेस्रो लिङ्गीलाई सकारात्मक विभेदको नीति अबलम्बन गरी तीनै तहका सरकारले राज्यको मुलधारमा ल्याउनु पर्ने । यस्तो नीति राजनीतिक दलहरूले पनि अपनाउनु पर्ने ।
- तेस्रो लिङ्गीहरूका आवाज बुलन्द पार्न नीति निर्माण तहमा उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनु पर्ने ।


इन्सेक
insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, inseconline@insec.org.np

वेबसाइटः www.insec.org.np, www.inseconline.org